का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १६०
❒ ११ साउन २०७८, सोमबार
❒ 26 July 2021, Monday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# फेरि गठबन्धनले बन्धक !



स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठलाई शपथ गराउँदै प्रधानमन्त्री शेरबहादुर देउवा । तस्वीरः प्रधानमन्त्रीको सचिवालय

दुई पटक प्रतिनिधिसभा विघटन, तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विवाद र दलहरुको टुटफुटले बन्धन बनेको राष्ट्रिय राजनीति फेरि गठबन्धनका नेताहरुको स्वार्थमा अल्झिन पुगेको छ । २९ असारमा प्रधानमन्त्री नियुक्त शेरबहादुर देउवाले चार मन्त्री र एक राज्यमन्त्रीको भरमा सरकार चलाइरहेका छन् ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, १० साउन ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबार स्वास्थ्य राज्यमन्त्री शपथ गराएका छन् । प्रधानमन्त्री देउवाको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले सांसद उमेश श्रेष्ठलाई स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नियुक्त गरेकी थिइन् । संविधानको धारा ७६ को उपधारा (९) बमोजिम नेपाली कांग्रेसका सांसद श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्रीमा नियुक्त भए ।

राष्ट्रपतिले स्वास्थ्य मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्रीसँगै रहनेगरी गएको २९ असारमा गठित मौजुदा मन्त्रिपरिषद्मा प्रतिनिधिसभा सदस्य श्रेष्ठलाई नियुक्त गरेकी छन् । राष्ट्रपति भण्डारीले नियुक्त गरेपछि सिंहदरबारमा आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवालाई श्रेष्ठलाई शपथ गराए । यसअघि काँग्रेसबाट दुई मन्त्री गृहमन्त्री बालकृष्ण खाँण र कानून मन्त्री ज्ञानेन्द्रबहादुर कार्की, नेकपा माओवादी केन्द्रबाट जनार्दन शर्मा अर्थ र पम्फा भूसाल उर्जा मन्त्री नियुक्त भएका थिए । श्रेष्ठ राज्यमन्त्री थपिएसँगै प्रधानमन्त्री देउवाको मन्त्रिपरिषद् ६ सदस्यीय बनेको छ ।

व्यापारी पृष्ठभूमिका श्रेष्ठलाई मन्त्री नियुक्त गरेपछि प्रधानमन्त्री देउवाको दलभित्रै आलोचना भइरहेको छ । गण्डकी प्रदेशमा दलित समुदायको नेताको नाम काटेर व्यापारीलाई नै मन्त्री नियुक्त गरेको आरोप काँग्रेसलाई लागेको थियो । गण्डकीमा व्यापारीलाई मन्त्री बनाएको आरोप खेपिरहेको काँग्रेस र देउवाले संघीय सरकारमा पनि उस्तै नियति दोहोर्‍याएका छन् । हुनत प्रधानमन्त्री देउवा अहिले कामै गर्न नसक्ने अवस्थामा देखिएका छन् ।

२९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले अहिलेसम्म मन्त्रिपरिषद् बिस्तार गर्न नसक्नुले पनि देउवाका अप्ठ्यारो बुझ्न सकिन्छ । सर्वोच्च अदालतले २८ असारमा दिएको परमादेश अनुसार देउवा प्रधानमन्त्री नियुक्त भएका थिए । तर देउवा प्रधानमन्त्री नियुक्त हुनुको पृष्ठभूमि र संसदमा काँग्रेसको हैसियतले पनि देउवालाई अप्ठ्यारो देखिन्छ । हुन पनि संसदमा ६१ सांसद रहेको काँग्रेस नेतृत्वमा सरकार बनेको छ ।

३ साउनमा देउवाले प्रतिनिधिसभाको १६५ मत पाएका थिए । देउवालाई काँग्रेसका ६१, नेकपा माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा ३२, नेकपा एमाले २२ र राष्ट्रिय जनमोर्चाका एक सांसदले विश्वासको मत दिएका छन् । अझ विश्वासको मत दिने जसपा र एमालेभित्र एकमत छैनन् । जसपाका उपेन्द्र यादव र महन्थ ठाकुरले अलग-अलग रुपमा विश्वासको मत दिएका थिए । एमालेमा पनि बरिष्ठ नेता माधवकुमार नेपाल समूहका १४ र अध्यक्ष केपी शर्मा ओली निकट आठ सांसदले मत दिएका थिए ।

यी सबै पक्षलाई समेटेर मन्त्रिपरिषद् बिस्तार गर्न देउवालाई सजिलो देखिएको छैन । जसपा र एमालेभित्रको विवादले पनि मन्त्रिपरिषद् बिस्तारमा ढिलाइ भइरहेको छ । काँग्रेसभित्र पनि महाधिवेशन नजिकिएकाले शक्ति सन्तुलन मिलाउन सजिलो देखिन्न । तर यसको असर भने राष्ट्रिय राजनीति र जनजीवनमा परेको छ । स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले तेस्रो लहरको संक्रमण आउन सक्ने चेतावनी दिइरहेका छन् भने दोस्रो लहरको महामारीको खतरा कायमै छ ।

# विपद्ले निम्त्याएको दुःख




**नारायण ढुंगाना/रासस**
काठमाडौं, १० साउन ।

बाढी र पहिराले गत वर्ष थिल्थिलो बनाएको सिन्धुपाल्चोक जिल्ला यसपाली पनि मनसुनको शुरुआतमै नराम्ररी क्षति बेहोर्न पुग्यो । हेलम्बु र मेलम्ची क्षेत्रमा बाढी आउँदा बजार नै तहसनहस भयो । हेलम्बु गाउँपालिका- १ नाकुत्तेभन्दा ५०० मिटर माथिबाट पहिरो खसेर मेलम्ची नदी थुनिएर फुटेपछि ठूलो दुर्घटना हुन पुगेको थियो ।

विज्ञका अनुसार, यसपाली लेदो र गेगरसहितको बाढी आउँदा अकल्पनीय क्षति भएको छ । यसअघि जुरे पहिरो होस् या अन्य क्षेत्रका मनसुनजन्य घटना सिन्धुपाल्चोकका कतिपय बासिन्दाका लागि अकल्पनीय काल बनेर आएको छ ।

अर्को दोस्रो बढी क्षति हुने मनाङ हो । त्यहाँ मानवीय क्षति हुन पाएन, तर ५९ घर पूर्ण क्षति भएको छ । झण्डै ५४ किलोमिटर सडक बाढी र पहिरोले भत्काएउँदा अहिलेसम्म सदरमुकाम चामे सडक सञ्जालबाट विच्छेद छ । सात वटा गाडी गुड्ने पुलसहित बेलिब्रिज, सरकारी भवन, स्कुलसमेत क्षति पुगेको छ । यहाँका चार जलविद्युत् आयोजनामध्ये दुई पूर्ण र दुईमा आंशिक क्षति छ ।

यसपाली मुलुकमा सिन्धुपाल्चोक र मनाङ लगायत ४८ जिल्लामा ठूलो जनधनको क्षति भएको छ । मानवीय क्षतिको विवरण आइसके पनि भौतिक क्षतिको अझै यकीन विवरण आइनसकेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेल बताउँछन् ।

सिन्धुपाल्चोक र मनाङ लगायत ४८ जिल्लामा ठूलो जनधनको क्षति भएको छ । मानवीय क्षतिको विवरण आइसके पनि भौतिक क्षतिको अझै यकीन विवरण आइनसकेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेल बताउँछन् । सिन्धुपाल्चोकमा बाढीपहिरामा परी पाँच जनाले ज्यान गुमाएका छन् । अझै २० बेपत्ता छन् भने छ जना घाइते भए । जिल्लामा ३३८ घर पूर्ण क्षति भएको छ । उक्त जिल्लामा सात पक्की पुल, १४ झोलुङ्गे पुल, १० वटा माछा फार्म र ३२ सरकारी भवन क्षत् विक्षत छ ।

गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रबाट प्राप्त अभिलेखानुसार मानवीय क्षतिका हिसाबले सिन्धुपाल्चोकपछि गोरखा र डोटीमा चार/चार, पाँचथर, रोल्पा, रौतहट र दाङमा तीन/तीन, पाल्पा, तनहुँ र दार्चुलामा पाँच/पाँच जनाले ज्यान गुमाए ।

गत जेठ २८ मा नेपाल भित्रिएको यसपालिको मनसुनबाट हालसम्म ६५ जनाले ज्यान गुमाएका छन् । अन्य ३६ बेपत्ता र ६८ जना घाइते भएका छन् । कूल ५७६ घर पूर्ण र १५५ घरमा आंशिक क्षति पुगेको छ । विपद्बाट ३७ सरकारी कार्यालय, १३ स्कुल तथा सामुदायिक भवन, २५ जलविद्युत् आयोजना, २६ पक्की पुल र २६ झोलुङ्गे पुलमा क्षति पुगेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भनाइ छ ।

प्राधिकणका प्रवक्ता विश्वप्रकाश अर्याल मनसुन भित्रिएपछिको अवधिमा सरकारले हेलिकप्टरबाट २७८ र स्थलमार्गबाट ४३२ गरी ७१० जनाको उद्धार गरेको बताउँछन् । जोखिम क्षेत्रका चार हजार ६०६ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको उनले बताए ।

सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची खोला बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारमा जानेलाई भेरोसेलको खोप पनि दिइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन

एक महिनाभित्र वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतामा रहेकाहरुलाई जोन्सन एण्ड जोन्सनको खोप र एक महिनापछि वैदेशिक रोजगारीमा जानेले भेरोसेलको खोप लगाउन पाउने भएका छन् । जोन्सन एण्ड जोन्सनको खोप एक पटक लगाए पुग्छ भने भेरोसेल कम्तीमा तीन हप्ताको अन्तरालमा दुई पटक लगाउनु पर्ने हुन्छ ।

वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठका अनुसार आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच भएको छलफलमा उक्त सहमति भएको हो । जोन्सन एण्ड जोन्सनको खोप धेरै समय राख्न नमिल्ने भएकाले सबै प्रदेशहरुमा खोप वितरण भैसकेको हुँदा वैदेशिक रोजगारीमा एक १ महिनाभित्र जानुपर्ने कामदारहरुलाई उक्त खोप दिने निर्णय भएको बताइएको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारहरुले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वेबसाइटमा अनलाइन फारम भरी आफुलाई पायक पर्ने प्रदेशले तोकेको खोप केन्द्रमा पासपोर्ट, भिसा र अन्तिम श्रम स्वीकृतिको आधारमा खोप लगाउन मिल्ने व्यवस्था मिलाइएको पनि महासचिव श्रेष्ठले जानकारी दिए । भेरोसेल खोपको मान्यताको सम्बन्धमा परराष्ट्र मन्त्रालयले विश्व स्वास्थ्य संगठनसँग समन्वय गरी यथाशीघ्र चाँडो मान्यता लिनेसमेत व्यवस्था गरिएको महासचिव श्रेष्ठले बताए ।

वैदेशिक रोजगारीमा नेपाली श्रम गन्तव्यमध्ये यूएईले अक्सफोर्ड, एस्ट्राजेनेका, सिनोफर्म, फाइजर, स्पुतनिक भी, बायोएनटेक गरी चार वटा खोपलाई मान्यता दिएको छ । तीमध्ये एक खोपको दुवै डोज लगाएका रेसिडेन्स भिसा भएकालाई प्रवेश अनुमति दिने जनाएको छ ।

कुवेतमा फाइजर अक्सफोर्डको खोपले मान्यता पाएका छन् । कुवेतमा खोपको पहिलो मात्रा लगाएका कामदारले दोस्रो मात्रा १० सातापछि र अक्सफोर्ड खोपको पहिलो मात्रा लगाएका कामदारले दोस्रो मात्रा लगाउनका लागि १६ हप्ता करिब चार महिना पर्खनु पर्ने नियम छ । कुवेतले कारोना भाइरसविरुद्ध खोपको दुवै खोप लगाएको भएमा मात्र विदेशीलाई आफ्नो देशमा प्रवेश अनुमति दिने बताएको छ । खोपको पहिलो डोज लिएका कामदारले कुवेत प्रवेश गर्न नपाउने स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

यसअघि कुवेतले खोप लगाएका भएपनि विदेशी यात्रु १४ दिने क्वारेन्टिनमा अनिवार्य बस्नु पर्ने नियम लगाएको थियो । तर स्वीकृत खोप लगाएका विदेशीले कुवेत प्रवेश गर्दा ७२ घण्टा पहिलेको पीसीआर परीक्षणको नेगेटिभ रिपोर्ट देखाउनु पर्ने अनिवार्य गरिएको छ ।

खोप नलगाई साउदी अरब जाने कामदार लाखौं खर्च गरेर होटल क्वरेन्टिनमा बस्नुपर्ने बाध्यता छ । साउदीले अक्सफोर्ड, एस्ट्राजेनेका, मोडर्ना, बायोएन्टेकको खोप स्वीकृत गरेको छ । उक्त मुलुक जाने सबैले खोप लगाए नलगाएको बारे जहाज टिकट लिनु अघि नै एकिन गर्नुपर्ने नियम छ । साउदीले स्वीकृत गरेका अन्य खोप भए दुई डोज र जोनसनको खोप भए एक डोज लगाएको अनलाइनमार्फत दर्ता गर्नुपर्ने अनिवार्य गरेको छ ।

## वैदेशिक रोजगार विशेष

### कतार प्रवेश गर्नेलाई नयाँ नियम

**काठमाडौं/मस–** कतारले आफ्नो मुलुक प्रवेश गर्ने विदशीले मान्यता प्राप्त खोपको मात्रा पूरा गरेको भए क्वारेन्टिन बस्नु नपर्ने निर्णय गरेको छ । कतारमा संक्रमितहरुको संख्या उल्लेख्य रुपमा घटेपछि क्वारेन्टिनको शर्त केही खुकुलो पारिएको हो ।

कतारस्थित नेपाली दूतावासले कतार सरकारको नयाँ नियम उल्लेख गर्दै खोप लगाएको कम्तीमा १४ दिनपछि प्रवेश गरेमा क्वारेन्टिनमा बस्नु नपर्ने बताएको छ । कतारले फाइजर, बायोन्टेक, मोर्डेना, अष्ट्राजेनिका (कोभिशिल्ड/अक्सफोर्ड) र जोन्सन एण्ड जोन्सनको खोपलाई मात्र कतारमा मान्यता दिइएको छ । दूतावासका अनुसार मान्यता प्राप्त खोप लगाएका व्यक्तिको साथमा खोप लगाएको प्रमाणपत्र अनिवार्यरुपमा साथमा राख्नु पर्नेछ ।

प्रमाणपत्रमा खोप लगाइएको मिति, खोपको नाम/प्रकार, उपलब्ध भएमा खोपको लट नम्बर र खोप लगाउने कार्यालयको छाप हुनुपर्ने छ । सिनोफर्म खोप लगाएका व्यक्तिको भने शरीरमा कोरोना प्रतिरोधी एण्टिबडी भए/नभएको परीक्षण गरिने बताइएको छ ।

कतार प्रवेश गर्नु ७२ घण्टाअघि गरिएको कोरोना भाइरसको पीसीआर परीक्षणको नेगेटिभ रिपोर्ट हुनुपर्ने यसअघिको बाँकी पृष्ठ २ मा

# आएन अन्तरिम आदेश

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष महन्थ ठाकुर समूहले दिएको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश नदिए पछि अब निर्वाचन आयोगले 'हेड काउण्ट'बाट जसपाको वैधानिकता टुंग्याउने भएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन ।

जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष महन्थ ठाकुर समूह निर्वाचन आयोगको निर्णय प्रति असन्तुष्टि जनाउँदै दायर रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिएन । न्यायाधीश कुमार रेग्मीको एकल इजलासले अन्तरिमआदेश नदिइ १५ साउनमा छलफलका लागि बोलाएको छ । जसपाको वैधानिकता टुंग्याउने क्रममा आयोगले कार्यकारिणी समितिका सदस्यहरुलाई नागरिकता सहित उपस्थित हुन निर्देशन दिएपछि ठाकुर समूह अदालत गएको थियो ।

तर आयोग अन्तरिम आदेश नदिएपछि निर्वाचन आयोगले कार्यकारिणी समितिको बहुमतका आधारमा वैधानिकता टुंग्याउने भएको छ । आयोगले गएको ८ साउनमा हेड काउण्टका आधारमा वैधानिकता टुंग्याउने तयारी गरेको थियो ।

आयोगको निर्णयअनुसार, अर्का अध्यक्ष उपेन्द्र यादव समूहले वैधानिकता पाउने संभावना देखिन्छ । किनकि यादवले ५१ मध्ये ३२ जना आफ्नो पक्षमा रहेको दावी गरेको छ । तत्कालीन समाजवादी पार्टी, नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा) बीच एकीकरण हुँदा ५१ सदस्यीय कार्यकारिणी समिति बनेको थियो ।

आयोगले आज नागरिकता सहित उपस्थित हुन निर्देशन दिएको छ । यसका लागि यादव समूहले कार्यकारिणी समिति सदस्य र सांसदहरुलाई आइतरबाटै एकठाउँ राखेको छ । यादव समूहले सांसद पनि २० जना आफ्नो पक्षमा रहेको दावी गरेको छ । ३२ सांसद मध्ये यो बहुमत हो । बैधानिकता यादव समूहले पाउने संभावना बढेपछि अझ धेरै सांसदले साथ दिने बुझाइ यादव पक्षले गरेको छ ।

ठाकुर समूह भने असन्तुष्ट देखिदै आएको छ । ठाकुर समूहले भने पार्टी एकता हुँदा बनेको ५१ सदस्यीय कार्यकारिणी समितिलाई मान्यता दिने निर्णय भएकोमा आपत्ति जनाएको थियो । यो समूहले भने गएको ३ जेठमा बिस्तार गरेको कार्यकारिणी समितिलाई मान्यता दिनुपर्ने दावी गर्दै आएको छ । गएको ७ पुसमा बसेको कार्यकारिणी समितिको बैठकले ठाकुरलाई प्रथम अध्यक्ष मानिएको र त्यसैआधारमा ठाकुरले कार्यकारिणी समिति हेरफेर गरेको दावी गरेका छन् । ठाकुरले पार्टी विवाद उत्कर्षमा पुगेका बेला अध्यक्ष यादवलाई हटाएर एक्लौटी रुपमा कार्यकारिणी समिति बिस्तार गरेका थिए ।

तर यादव पक्ष भने उत्साहित छ । यो समूहले ७ जेठमा ठाकुरले एक्लौटी रुपमा बिस्तार गरेको कार्यकारिणी समिति अवैधानिक र फर्जी भएको दावी गर्दै आएको थियो । आयोगले भने ११ वैशाख २०७७ मा एकता हुँदा बनेको कार्यकारिणी समितिलाई नै मान्यता दिने निर्णय गरेको छ ।

जसपा विभाजनको कारण भने सत्ता केन्द्रीत थियो । अहिलेको सत्तारुढ गठबन्धनमा रहेर यादव पक्षले संसदीय र राजनीतिक मोर्चामा साथ दिएका थिए । तर ठाकुर पक्षले भने नेपाली काँग्रेसका सभापति शेरबहादुर बाँकी पृष्ठ २ मा

# उपत्यकामा बढाइयो निषेधाज्ञा



**काठमाडौं / मस**-काठमाडौं उपत्यकामा यही २० गतेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ । उपत्यकाको तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) का प्रमुख जिल्ला अधिकारीसहितको आजको बैठकले निषेधाज्ञा थप गर्ने निर्णय गरेको हो । थपिएको आदेश सोमबार बिहान १ बजेदेखि लागू हुनेछ ।

आदेशमा सबै प्रकारका सभा, सम्मेलन, पार्टी प्यालेस, सिनेमा हल, डान्सबार, नाचघर, स्वीमिङ पुल, मनोरञ्जनस्थल, संग्रहालय, रंगशालामा हुने दर्शकसहितको खेलकुद तथा मानिसको भीडभाड हुने अन्य कार्यक्रम गर्न/गराउन नपाउने उल्लेख छ । यस्तै खुला स्थानमा मानिस भेला हुन, सभा/जुलुस गर्न, जात्रा महोत्सव, भोज भतेर आदि गर्न/गराउन नपाइने तथा नित्य पूजा बाहेकका धार्मिक एवं सांस्कृतिक कार्यक्रम, भौतिक उपस्थितिमा हुने पठनपाठनका कार्यक्रमसमेत गर्न पाइने छैन ।

औषधि तथा स्वास्थ्यसम्बन्धी पसल भने जुनसुकै बेला खोल्न सकिने छ तर अन्य पसल भने साँझ सात बजेसम्म मात्रै खोल्न पाइने छ। स्थानीय ढुवानीका साधन बिहान ९ देखि ११ र अपराह्न ४ देखि ७ बजेसम्म मात्र सञ्चालन गर्न पाइने छ। व्यवसाय सञ्चालन गर्दा भने स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने काठमाडौँ प्रशासनले जनाएको छ। अत्यावश्यक वस्तुको अनलाइन अडर, रेष्टुरेण्ट तथा फाष्टफुड तथा अन्य अडरहरूको हबकमा टेक अवे वा होम डेलिभरी प्रयोजनका लागि साँझ ७ बजेसम्म सञ्चालन गर्न पाइने छ ।

सिट क्षमता अनुसारको यात्रु राखेर यातायतका साधन सञ्चालन गर्न सकिने तर त्यसरी सञ्चालन गर्दा स्वास्थ्यका मापदण्ड पूर्ण पालना गर्नुपर्ने जनाइएको छ । टेम्पु र निलो माइक्रोमा यसअघि लागू भएको नौ जना मात्रै यात्रु राख्न पाइने र यात्रुको बीचमा प्लाष्टिकको छेकबार लगाउनुपर्ने व्यवस्थालाई कायम गरिएको छ ।

लामो दूरीका सवारी साधन मापदण्ड पालना गरेर चलाउन पाइने छ । सार्वजनिक तथा निजी ढुवानीका साधन भने राति ९ बजेदेखि बिहान ५ बजेसम्म मात्रै सञ्चालन गर्न पाइने छ। तोकिएको परीक्षा सञ्चालन गर्दा भने एक कोठामा २५ जनाभन्दा बढी राख्न नपाइने र स्वास्थ्यका सबै मापदण्ड पूर्ण पालना गर्नुपर्नेछ ।

गोष्ठी, तालिम, सेमिनार बैठक, प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गर्दा भर्चुअलको माध्यमलाई उपयोग गर्नुपर्ने र यदी उपस्थित नै हुनुपर्ने कार्यक्रममा २५ जनाभन्दा बढी सहभागी गराउन नपाइने विगतको व्यवस्थालाई कायमै राखिएको छ। उक्त आदेश पालना नगरेमा भने कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ अनुसार कारवाही हुने चेतावनी दिइएको छ ।

# रम्भा गाउँपालिकाले विद्यार्थीहरुलाई बाँड्यो फोन गर्दा पैसा नलाग्ने सिम



**बिकाश काफ्ले / मध्यान्ह**
पाल्पा, १० साउन

पाल्पाको रम्भा गाउँपालिकाले र विकिरण माध्यमिक विद्यालय रम्भा ३ पिपलडाँडाका विद्यार्थीहरुलाई फोन गर्दा पैसा नलाग्ने सिमकार्ड वितरण गरेको छ ।

गाउँपालिकाले संघीय सरकारको सशर्त अनुदानबाट विद्यालयका १ सय ३९ जना विद्यार्थीहरुका लागी फोन गर्दा पैसा नलाग्ने सिम वितरण गरेको हो । विद्यार्थी र शिक्षकहरुले एक आपसमा फोन गर्दा पैसा नलाग्ने क्लोज यूजर ग्रुप सिमकार्ड वितरण गरेको हो ।

कक्षा ४ देखि १० सम्मका विद्यार्थीहरुलाई ग्रुप भित्र कल गर्न नि:शुल्क हुने सिम वितरण गरेको हो । विद्यार्थीहरुले सम्बन्धित शिक्षकहरु संग प्रश्नोत्तर गर्न सहज हुने र शिक्षण सिकाई प्रभावकारी हुने भएकाले यो कार्यक्रम ल्याइएको गाउँपालिका अध्यक्ष बिष्णु भण्डारीले बताए ।

विद्यालयका प्रधानाध्यापक केशबहादुर सारुले फोन गर्दा पैसा नलाग्ने सिम वितरण पछि विद्यार्थीहरुमा उत्साह जागेको बताए। सारुले जुनसुकै वेला समस्या परेका विदार्थीहरुले सोझै शिक्षकसँग सोध्न मिल्ने भन्दै विद्यार्थीहरुका लागी सहज भएको बताए । सिमकार्ड नेपाल टेलिकम पाल्पाले वितरण गरेको हो ।

# नवलपरासीमा ७ लाख बढीको सामान सशस्त्र प्रहरीको नियन्त्रणमा

**सहबान अन्सारी / मध्यान्ह**
नवलपरासी, १० असार

नवलपरासीमा करिब ७ लाख ३८ हजार ४ सय ८३ रुपयाँ मुल्य बराबरको अबैध सामान सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. २६ गण हेडक्वाटर पश्चिम नवलपरासीको मातहतमा बि.ओ.पी तथा बेशहरुबाट बिभिन्न ईलाकामा खटिएका सशस्त्र प्रहरीको मोबाईल गस्ती टोलीले विशेष सुराकीको आधारमा भारतबाट अबैधरुपमा भन्सारी छली लुकाई छिपाई नेपालतर्फ ल्याउँदै गरेको विभिन्न किसिमका मोबाइल, इलेक्ट्रानिक सामान, हार्डवेयरका सामानहरु, मोटरसाईकल, कपडा तथा किराना सामानहरु बरामद गरिएको छ । उक्त सामानहरु आवश्यक कारवाहीको लागी महेशपुर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २६ गण हेडक्वाटर नवलपरासी पश्चिमका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक माधव रेग्मीले जानकारी दिए

## विपद्ले...

किनारका १९६ घरमा स्थलगत र ड्रोनका माध्यमबाट स्थलगत निरीक्षण तथा अध्ययन गरी नोक्सानीको मूल्याङ्कन भइरहेको छ । देशभरिको क्षतिको विवरण अझै सङ्कलन जारी छ ।

यसपालीको मनसुनजन्य घटनाबाट क्षति बेहोरेको सिन्धुपाल्चोक र मनाङ जिल्लालाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी सरकारले आवश्यक राहत, पुन:निर्माण तथा पुन:स्थापनका कार्य अघि बढाएको छ । त्यसका लागि विश्व बैंकबाट थप २५ मिलियन डलर सहुलियतपूर्ण ऋण सहयोग प्राप्त हुने आश्वासन आइसकेको गृहमन्त्री बालकृष्ण खाँडले संसदीय समितिमा जानकारी दिएका छन् ।

सरकारले मनसुनजन्य घटना तथा क्षति न्यूनीकरणका लागि मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०७८ कार्यान्वयनमा ल्याएको छ । यस्तै विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति २०७८, प्रारम्भिक द्रुत लेखाजोखा कार्यविधि २०७२ (प्रथम संशोधन २०७८), आगलागीबाट क्षति भएका निजी आवास पुन:निर्माणसम्बन्धी कार्याविधि २०७८, कार्यान्वयनमा रहेको र फिल्ड अनुसन्धान तथा पहिरो प्रभावित व्यवस्थापन प्राविधिक गाइडलाइन निर्माण गरेर विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीका कामलाई उच्च प्राथमिकता दिएको छ । सरकारले आगामी १० वर्षभित्रमा नेपाललाई विपद् उत्थानशील राष्ट्र बनाउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी १० वर्षे महाअभियान यसै वर्षबाट शुरु गरेको जनाइएको छ ।

## कतार...

अनिवार्य नियम भने यथावत रहेको छ । कोभिड संक्रमण भई निको भएको १२ महिनाभित्र कतार पुन: प्रवेश गर्ने यात्रुले क्वारेन्टिन बस्नु नपर्ने नयाँ व्यवस्थामा उल्लेख छ ।

नेपाली दूतावासले खोपको मात्रा पूरा नगरेका, खोपको मात्रा लगाएको १४ दिन पूरा नभएको वा खोप नलगाएका यात्रुले भने अनिवार्य 'डिस्कोभर कतार' वेबसाइटमा बुकिङ गरी १० दिन होटेल क्वारेन्टिन वा १४ दिन मेखाइनिस क्वारेन्टिन बस्नुपर्ने जनाएको छ ।

त्यस्तै दूतावासले कतार प्रवेश गर्नुभन्दा कम्तिमा १२ घण्टा अगाडि अनलाइनमार्फत प्रि-रजिस्ट्रेशन गरी तोकिएका कागजात अपलोड गरेपछि प्राप्त हुने ट्राभल परमिटसमेत साथमा बोक्नुपर्ने बताएको छ ।

कतारले आइतबारसम्म खोप लगाउन योग्य वर्गमा रहेका ७९.१ प्रतिशतले खोप लगाइसकेको बताएको छ । कतारको स्वास्थ्य मन्त्रालयका अनुसार कतारमा १६ वर्षभन्दा माथि उमेरको जनसंख्या ६७ प्रतिशत रहेको छ । ६० वर्ष भन्दा बढी उमेरका ९८.६ प्रतिशतले कम्तीमा एक डोज खोप र ९३.५ प्रतिशतले दुवै डोज खोप लगाइसकेको भन्दै कतारले नयाँ संक्रमितहरुको संख्या उल्लेख्यरुपमा घटेको बताएको छ ।

## आएन...

देउवालाई समर्थन जनाएनन् । त्यसैकारण गएको ७ जेठमा जसपा व्यवहारिक र राजनीतिक रुपमा विभाजित भएको थियो । ठाकुर पक्षले ओलीलाई साथ दिदै सरकारमा समेत सहभागी भयो । तर सर्वोच्च अदालतबाट ठाकुर पक्षका मन्त्रीहरुलाई पदमुक्त गरिदियो ।

# कोरोनाको कहरमा सामाजिक कार्यमा जुट्दै रामपुरका युवा

**सुशीला रेग्मी / मध्यान्ह**
रामपुर (पाल्पा), ७ साउन



कोरोनाको कहरमा सामाजिक कार्यमा पाल्पा रामपुरका युवाले उदाहरणीय काम गर्दै आएका छन् । रामपुर युवा क्लबमा आबद्ध युवाहरुले रामपुर अस्पतालमा उपचाररत बिरामी, बिरामीका कुरुवा, उपचारमा संलग्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई दैनिक बिहान साँझ नि:शुल्क खाना खुवाउने कार्य गरिरहेका छन् ।

रामपुर अस्पतालको आइसोलेशनको शय्यामा बिरामी रोगले छट्पटाई रहेको अवस्था, अस्पताल बाहिर बिरामीका आफन्त खानाको खोजीमा भौतारिँदै गरेको यो दृश्यलाई देखेपछि खाना खुवाउने अभियान थालनी गरिएको रामपुर युवा क्लबका सचिव युवा सुन्दर कंडेल बताउँछन् ।

उनी अस्पतालमा कोभिडका बिरामीलाई आइसोलेशनमा राखेर उपचार सुरु गर्न थालेको खबर सुनेपछि त्यहाँको अवस्था बुझ्न अस्पताल परिसरमा पुगेको थियो । केहीबेर अस्पताल परिसरमा बसेर त्यहाँको दृश्य नियाल्दै जाँदा बिरामीका आफन्त खानाको खोजीमा नजिकैका होटलमा पसे तर होटल व्यवसायीले कोभिडका बिरामीलाई खाना खुवाउन भने चासो देखाएनन् ।

यस्तो दृश्य नियालेका कंडेलले बिरामीका निम्ति केही सहयोग गर्ने मनसायले रामपुर युवा क्लबमार्फत बिहान साँझ खाना खुवाउने अभियानमा युवालाई हातेमालो गर्दै अग्रसर भएर जुटेको बताउँछन् ।

वैशाख अन्तिम साता रामपुर अस्पतालमा आइसोलेशन सञ्चालनमा आएको थियो भने आइसोलेशन संचालन भएको दुई दिनपछि ३० गतेदेखि बिरामी, उनीहरुका कुरुवा, उपचारमा संलग्न स्वास्थ्यकर्मी र सुरक्षाकर्मीलाई दैनिक क्लबले निशुल्क खाना खुवाउने अभियान सुरु गरेको हो । यो अभियान अहिले पनि निरन्तर चलिरहेको छ ।

अस्पताल आसपासमा रहेका होटल व्यवसायीले आँफूहरूमा कोभिड सङ्क्रमण सर्ने डरले खाना खुवाउन अस्वीकार गरेको देखेपछि सो समस्यालाई मध्यनजर गर्दै निशुल्क खाना खुवाउने अभियान सुरु गरिएको कंडेलले बताउँछन्। उनी भन्छन्, 'पैसा तिरेर खान्छु भन्दा पनि खाना खाने ठाउँ छैन बिरामीलाई, यस्तो अवस्था देखेपछि क्लबका युवाले केही रकम उठाएर हामी आफैँबाट खाना खुवाउने अभियान सुरुवात गर्‍यौं ।'

रामपुर अस्पताल र रामपुर नगरपालिकाले समन्वयमा बनाएको आइसोलेशनमा खानाको प्रबन्धबारे खासै कसैको पनि चासो थिएन । पैसा तिरेर खान्छु भन्दा पनि खाना खुवाउन होटलधनीले नै स्वीकार नगरेपछि बिरामीको पिडा त छदै थियो तर खाना खाने ठाउँ नै नपाएपछि बिरामीका आफन्त तड्पिरहेका थिए ।

टाढाका बिरामीलाई घरबाटै खाना पकाएर अस्पतालसम्म ल्याउन अप्ठ्यारो स्थिति थियो भने अर्कोतर्फ होटलहरूले पनि खाना खुवाउन नमानेको बिरामीका आफन्तले गुनासो पोखेपछि हामी आफैँले खाना बनाएर अस्पतालमा पुऱ्याउने गरिदिएको रामपुर युवा क्लबका अध्यक्ष छमबहादुर दरै बताउँछन् ।

यस अभियानमा साथ दिँदै अहिले देश तथा विदेशमा रहेका विभिन्न व्यक्ति, संघसंस्थाबाट सहयोग रकम प्राप्त भइरहेको अध्यक्ष दरैले बताए । हालसम्म करिव तीन लाख बढी रकम सहयोग जुटेको छ ।

क्लबका युवाहरु मिलेर केही रकम आफैँबाट सङ्कलन गरी अस्पतालमा उपचाररत कोभिडका बिरामी, उनीहरुका कुरुवा, उपचारमा संलग्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई दैनिक बिहान साँझ खाना खुवाउने अभियान थालिएको सन्दिप गौतमले बताए ।

सात जनाबाट खाना खुवाउन सुरु गरेको क्लबले एक दिनमा ३२ जनासम्मलाई खाना खुवाएको तथ्याङ्क छ। क्लबका सदस्य आफैँले दैनिक बिहान साँझ पालैपालो आफैँ खाना बनाएर अस्पतालमा पुऱ्याउने कार्य गरिरहेका छन् ।

ट्राभल डेन्टिस्टरी नेपाल एवम् होराइजन डेण्टल क्लिनिक रामपुरले खाना बनाउने तथा विभिन्न सहयोगको व्यवस्थापन मिलाएको छ ।

कोरोना सङ्क्रमण तीव्र रुपमा फैलिरहेका बेला अस्पताल क्षेत्रका होटेलधनी बिरामीलाई खाना खुवाउने कार्यबाट टाढिए । विरामीलाई झन् पोसिलो र झोलिलो खानुपर्ने अवस्थामा बन्दाबन्दीका समय घर, आफन्तीबाट ल्याउन सहज नभएका बेला यहाँका युवाहरुले थालनी गरेको यस उदाहरणीय कार्यको सबैले साथ दिएका छन् । गाउँगाउँमा दोस्रो चरण अर्न्तगत कोरोना सङ्क्रमितको संख्या बढ्दै जान थालेपछि २०७८ वैशाख १७ गतेदेखि जिल्ला प्रशासन कार्यालय पाल्पाले निषेधाज्ञा जारी गरेपछि सवारी साधन सञ्चालनमा रोक लगाइयो ।

अस्पतालमा भर्ना भएका बिरामीका आफन्तलाई खाना खुवाउन समस्या परेको देखेपछि सामाजिक उत्तरदायित्व बहन गर्दै रामपुर युवा क्लबले त्यहाँ उपचाररत बिरामीलाई नि:शुल्क खाना खुवाउन थालेपछि बिरामी र उनीहरुका आफन्तको पिडा पनि कम हुँदै गयो ।

अस्पतालदेखि टाढाका बिरामीलाई दैनिक बिहान साँझ घरबाटै खाना ल्याएर खुवाउन सम्भव थिएन । यस्तो परिस्थितीमा युवाले सामाजिक भावनाका साथ थालनी गरेको यो कार्य नमुना रहेको र बिरामीलाई पनि कोरोनाको रोगसँगको लडाई लड्न ठूलो हौसला प्रदान गरेको समाजसेवी लेखनाथ शर्मा मरासिनी बताउँछन् । पूर्वखोला गाउँपालिका वडा नं १ सिलुवाका (दुबै आँखा नदेख्ने) गणेश विक कोभिडबाट निको भएपछि अहिले तङ्ग्रदै छन् । अठार दिनसम्म रामपुर अस्पतालको आइसोलेशन कक्षमा बसेका उनी दिन प्रतिदिन हृष्टपुष्ट हुँदै गएका छन् ।

उनलाई अस्पतालका स्वास्थ्यकर्मीले गर्ने मित्रवत व्यवहार, उपचारमा बिशेष चासो, अस्पतालकै शैय्यामा स्वास्थ्यबर्द्धक खाना खान पाएपछि उनी दिन बित्दै जाँदै गर्दा रोग निको हुँदै गएपछि अस्पताल पनि उनलाई आफ्नै गृहथलो जस्तै लागेको बताउँछन् । क्लबका युवाको सक्रियतामा घरमै खाएको खानाको स्वाद दिने गरी स्वस्थकर खानाले रोग छिटो हुँदै गएको विकले अनुभव सुनाए ।

'घरबाट अस्पतालसम्म एकतर्फी पैदल तीन घण्टा भन्दा बढीको समय हिड्नुपर्छ, सवारी साधन सबै कोरोनाले बन्द थिए, पैदल हिँडेर घरबाट खाना ल्याएर बिरामीलाई खुवाउन परिवार आफन्तलाई निकै कष्ट थियो, यस्तो अवस्थामा युवाहरूले आफै स्रोत जुटाएर अस्पतालकै शय्यामा घरकै खानाको आभास दिलाउने स्वस्थकर खाना खुवाउनुभयो' उनले भने।

अस्पतालले बिरामीलाई गरेको मित्रवत् व्यवहार र रामपुर युवा क्लबले खाना खुवाएर बिरामीलाई छिटो निको हुन हौसला बढाएको विकले बताए ।

उनी भन्छन्, 'मैले दुबै आँखा नदेखेपनि खानाको स्वाद स्वास्थ्यवर्द्धक छ, अस्पतालमा बस्दा उपचार तथा खानाको लागि आर्थिक समस्या पनि भएन, समय समयमा अस्पतालकै शय्यामा खानाको व्यवस्था, स्वास्थ्यकर्मीको रेखदेख, औषधी उपचारले म छिट्टै नै कोरोना जित्न सफल भए ।'

बिरामीले खाना खाए नखाएको दैनिक हेरचाह र खाना खान युवाबाट प्रोत्साहन, बेला बेलामा स्वास्थ्य अवस्थाबारे जानकारी लिने कार्यले बिरामीलाई ठूलो हौसला मिलेको छ ।

गणपति माविमा प्रावि तहमा स्थायी अध्यापन गराउनुहुने विकले अस्पतालको शय्यामा रहँदा पारिवारिक रुपमा जस्तै औषधी उपचार, खानपान पाएपछि कोरोनासँगको लडाई सजिलै जिते ।

त्यस्तै रामपुर नगरपालिका वडा नं ६ मैदानबारी बस्ने माधव पंगेनीलाई असार १० गते देखि २४ गतेसम्म रामपुर अस्पतालको आइसोलेशन कक्षमा रहदा पारिवारिक वातावरणमै बसेको अनुभूति भएको बताउँछन् । परिवारका सदस्यले जस्तै उचित हेरचाह, खानपानले उनलाई कोरोना जित्न सजिलो पऱ्यो ।

'कोभिडको बिरामीलाई भनेपछि अस्पताल नजिकका होटल व्यवसायीले खाना खुवाउन अस्वीकार गरेका बखतमा युवाले अस्पतालका बिरामीलाई खाना खुवाउने जुन अभियान चलाउनुभयो यो कार्य अत्यन्तै राम्रो र प्रशंसनिय छ' पंगेनीले भने ।

उनी अस्पतालमा पन्ध्र दिनसम्मको बसाईका क्रममा खानामा सँधै एकरुपता आएको बताउँछन् । युवाले गरेको यस उदाहरणीय कार्यमा पंगेनीले आँफू कोभिड निको भएपछि अभियानलाई निरन्तरता दिन रु एक हजार पाँच सय रकम युवा क्लबलाई हस्तान्तरण पनि गरेका छन् ।

सामाजिक भावना राखेर क्लबमा आबद्ध युवाले गरेको कार्यले अस्पतालमा उपचाररत बिरामी, उनीहरुका कुरुवालाई ठूलो राहत पुगेको रामपुर उद्योग वाणिज्य संघका वाणिज्य उपाध्यक्ष दुर्गाप्रसाद भट्टराई बताउँछन्। बुबाआमाको रेखदेखका लागि अस्पतालमा बसोबासका क्रममा आफुले समय समयमा घरमै बनाइएको आभास पाउने स्वस्थकर खानाले बिरामीमा फूर्तिलोपना र हृष्टपुष्ट हुँदै गएको अनुभूति पाएको उनी बताउँछन् ।

'अस्पतालमा बसेको अनुभूति जस्तो नि खासै भएन, घरमै बसेर आफैले बनाएको खाना खाएको अनुभूति भएको छ, कोरोनाको महामारीमा होटलधनीले खाना खुवाउन अस्वीकार गरेपछि घरबाटै दैनिक बिहान साँझ खाना बोकेर ल्याउने सहज स्थिती छैन, यस्तो अप्ठ्यारोमा रामपुर युवा क्लबले गरेको सहयोग अति नै राम्रो छ' भट्टराईले भने ।

क्लबले दैनिक बिहान साँझ अस्पतालमा उपचारत बिरामी, उनीहरुका कुरुवा, उपचारमा संलग्न चिकित्सक, सुरक्षाकर्मीलाई अस्पतालमै खाना पुऱ्याउने गरेपछि कोरोनाको लडाईसँग जुधेका बिरामीले स्वस्थकर खाना खान पाएका छन् भने बिरामीका आफन्तलाई निषेधाज्ञाका समय घर घरबाट खाना बोकेर पुऱ्याउने बाध्यता पनि हट्यो ।

दैनिक बिहान साँझ पाँचदेखि सात जनासम्म युवा मिलेर खाना बनाउने, अस्पतालमा लिएर जाने काम गरिरहेको ट्राभल डेन्टिस्टरी नेपालका अध्यक्ष एवम् होराइजन डेण्टल क्लिनिक रामपुरका संचालक डाक्टर शंकर श्रेष्ठले बताए ।

'हामी दैनिक फरक फरक तरकारी, फलफूल, मासु, दालको व्यवस्थापन मिलाएका छौँ, अस्पतालमा बिरामी थपघट सँगै खाना खानेहरुको थपघट हुन्छ, कसैले मासु खाने/नखाने हुनुहुन्छ हरेक दिन बिहान साँझ आइसोलेशनमा डाक्टर सँग बुझेर मात्रै खानाको तयारी गरी अस्पताल पुऱ्याउने गरेका छौँ' डाक्टर श्रेष्ठले भने ।

रामपुरका युवाले गरेको यस सामाजिक कार्यले अहिले यस क्षेत्र सहित विदेशमा रहेका युवाले पनि सहयोगी हात अगाडी बढाइरहेका छन्। विभिन्न क्षेत्रबाट सहयोग रकम जुटेकाले पनि युवालाई यो काममा उत्साह थपेको छ ।

अस्पतालको कोभिड वार्डभित्र एक जनाको मृत्यु भएको छ भने ईमर्जेन्सीमा उपचारमा आउँदा चार जना बिरामीको मृत्यु भएको आइसोलेशनका फोकलपर्सन डाक्टर बासुदेव सुवेदीले जानकारी दिए। अस्पतालमा उपचाररत कोरोनाका बिरामीको अवस्था सामान्य रहेको र धेरै बिरामी निको भएर घर फर्किएको डा. सुवेदी बताउँछन् ।

आइसोलेशन कक्षमा डा. सहित नर्स, सुरक्षागार्ड तथा सहयोगी गरी दैनिक ५/६ जना रेखदेखमा अस्पतालले व्यवस्था मिलाएको छ भने बिरामी र कुरुवा पनि रहने व्यवस्था छ ।

खानाको व्यवस्थापन गर्नका लागि अप्ठ्यारो परेको अवस्थामा क्लबले गरेको उदाहरणीय कार्य प्रति रामपुर अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन्ट डाक्टर विजय परियारले धन्यवाद दिए । क्लबले हालसम्म करिव दुई हजार पाँच सय भन्दा बढी बिरामी, उनीहरुका कुरुवा, उपचारमा संलग्न चिकित्सक, सुरक्षाकर्मीलाई खाना खुवाएको छ ।


# दमक र बिर्तामोडमा एक साता निषेधाज्ञा

**विष्णुकुमारी घिमिरे / मध्यान्ह**
हल्दिवारी, १० साउन

कोरोनाभाइरस संक्रमण दल बढ्दै गएकाले झापाको दमक नगरपालिका र बिर्तामोड नगरपालिकाले एक साताका लागि कडा निषेधाज्ञा आदेश जारी गरेको छ। गृहमन्त्रालयसहित स्थानीय प्रशासनले निषेधाज्ञालाई खुकुलो बनाउँदै लैजाँदा कोरोना संक्रमण दर बढ्न थालेपछि झापाका यी दुई स्थानीय तहले निषेधाज्ञा जारी गरेको हो ।

कोरोना संक्रमण फेरि बढेको भन्दै दमक नगरपालिकाले कोरोनाभाइरसको संक्रमण नियन्त्रण तथा रोकथामका लागि साउन ११ गते विहान ४ बजेदेखि साउन १७ गते मध्यराति १२ बजेसम्म नगरपालिका क्षेत्रभित्र निषेधाज्ञा गरेको हो। त्यस्तै बिर्तामोड नगरपालिकाले साउन १३ गते बुधबार रातको १२ बजेदेखि लागू हुने गरि एक साताको लागि निषेधाज्ञा लगाउने निर्णय गरेको हो ।

दमक नगरपालिकाले अत्यावश्यकीय काममा बाहेक घरबाहिर निस्कन रोक लगाइएको छ । नगरपालिकाबाट अनुमति नलिई घर बाहिर निस्किएमा कारबाही हुने बताएको छ। सबै किसिमका व्यापार, व्यावसाय, उद्योग कलकारखाना, शिक्षण संस्था, सम्पूर्ण वित्तीय संस्था, सावारी साधन पूर्णरुपले बन्द हुने जानकारी दिएको नगरपालिकाले स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्न पनि आग्रह गरेको छ ।



## एनआरएनए बहराइनको अध्यक्षमा गिरी, महासचिवमा श्रेष्ठ




**काठमाडौं/मस-** गैर अवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद बहराइनको आठौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ । महाधिवेशनमा एनआरएन बहराइनको अध्यक्षमा लक्ष्मी गिरी विजयी भएकी छन् । उनले आफ्नो निकटतम प्रतिद्वन्द्वी सभाष केसीलाई पराजित गर्दै अध्यक्ष पदमा निर्वाचित भएकी हुन् । गिरीले ९५६ मत ल्याउँदा केसीले ३०९ मत प्राप्त गरे ।

यस्तै आइसीसी सदस्यमा दिनेश बहादुर बस्नेत निर्विरोध निर्वाचित भएका थिए । वरिष्ठ उपाध्यक्ष अमर श्रेष्ठ, उपाध्यक्षमा चिर्थ बहादुर भण्डारी र युवराज प्याकुरेल निर्विरोध विजयी भए भने महिला उपाध्यक्षमा कृष्ण कुमारी गुरुङ निर्विरोध निर्वाचित भइन् ।

त्यस्तै एनआरएनए बहराइनको महासचिवमा राजु कुमार श्रेष्ठ विजयी भएका छन् । उनले ९४९ मत पाउँदा उनका प्रतिद्वन्द्वी देवेन्द्र गिरीले ३०२ मत प्राप्त गरे । यस्तै सचिवमा ९५० मत प्राप्त गर्दै विरेन्द्र बुढाथोकी विजयी भए । यस्तै सचिवमै विरेन्द्र बुढाथोकी, सहसचिवमा कृष्ण प्रसाद गैरे, महिला संयोजकमा संगिता खत्री निर्विरोध निर्वाचित भइन् ।

कोषाध्यक्षमा भावना आचार्य पन्त ९५१ मतसहित विजयी भइन् । सहकोषाध्यक्षमा दिप विक्रम राना र युवा संयोजकमा सन्त कुमार न्यौपाने निर्विरोध निर्वाचित भए । त्यस्तै सदस्यहरुमा तिलक बहादुर कार्की, दिपक बहादुर दर्जी, सुशीला खत्री, रुद्रमणी उप्रेती, मिना तामाङ, फलाम सिंह लामा र सूर्य भण्डारी निर्विरोध निर्वाचित भए ।

## दुई हजार २३७ संक्रमित थपिए




**काठमाडौं/मस-**पछिल्लो २४ घण्टामा देशभर दुई हजार २३७ संक्रमित थपिएका छन् भने दुई हजार ५० जना संक्रमणमुक्त भएका छन् । जम्मा १० हजार ५६९ लाई पिसीआर र तीन हजार २६५ को एन्टिजिन विधिबाट गरी जम्मा १३ हजार ८३४ जनामा भएको परीक्षणमा सो संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

आइतबार १८ को कोभिडका कारण मृत्यु भएको छ । हाल मोरङ, सुनसरी, झापा, काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, नवलपरासी पूर्व, कास्की र रूपन्देही गरी देशभरका १० जिल्लामा सक्रिय संक्रमित ५०० भन्दा बढी रहेका छन् । छब्बीस जिल्लामा सक्रिय संक्रमितको संख्या २०० भन्दा बढी रहेको छ । काठमाडौं उपत्यकाका तीन जिल्लामध्ये काठमाडौंमा पाँच हजार ६१६, ललितपुर एक हजार ८९ र भक्तपुरमा ९१० सक्रिय संक्रमित रहेका छन् ।

हालसम्म देशभरमा गरी ३५ लाख ३९ हजार ८३ जनाको पिसीआर र दुई लाख ८९ हजार ७२९ को एन्टिजेन विधिबाट परीक्षण भएको छ । अहिलेसम्म पिसीआर विधिबाट भएको परीक्षणमा जम्मा पोजेटिभ छ लाख ८० हजार ५५६ देखिएका छन् । हालसम्म संक्रमितमध्ये छ लाख ४३ हजार ६१५ लाई निको भएको छ । संक्रमितमध्ये निको हुने दर ९४ दशमलव छ प्रतिशत रहेको छ । हालसम्म नौ हजार ७१३ को मृत्यु भएको छ ।

कोभिडविरुद्ध पहिलो मात्राको खोप लगाउनेको सङ्ख्या ३३ लाख ८३ हजार ३८ रहेको छ भने पूर्ण मात्राको खोप लगाउनेको संख्या १३ लाख ९८ हजार १७८ रहेको छ । संक्रमितमध्ये पुरुष ६० दशमलव ३३ प्रतिशत र महिला ३९ दशमलव ६७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।



*बागलुङ नगरपालिका-३ देउराली चोकछेउको सडक भासिएपछि पहिराको जोखिममा परेको बस्ती । तस्वीर : रासस*

### निर्मला प्रकरणको तीन वर्ष पूरा

# अझै पत्ता लाग्न सकेन अपराधी



'निर्मला हत्या प्रकरणमा न्याय पाऔँ' भन्दै निर्मलाका बुबा, स्थानीयवासी र अधिकारकर्मीले आज दिउँसो महेन्द्रनगर बजारमा ऱ्याली निकालेका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले उक्त प्रकरणको सघन रुपमा अनुसन्धान भइरहेको जनाएको छ ।

**काठमाडौं/मस-**कञ्चनपुर भीमदत्त नगरपालिका-२ का १३ वर्षीया निर्मला पन्त हत्या प्रकरणको तीन वर्ष पूरा भएको छ ।

साथीको घरबाट स्कुलको गृहकार्य गरी घर फर्किने क्रममा सर्म्पकबिहीन भएकी उनीको बलात्कारपछि हत्या गरिएका अवस्थामा शव उखुबारीमा भेटिएको थियो । 'निर्मला हत्या प्रकरणमा न्याय पाऔँ' भन्दै निर्मलाका बुबा, स्थानीयवासी र अधिकारकर्मीले आज दिउँसो महेन्द्रनगर बजारमा ऱ्याली निकालेका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले उक्त प्रकरणको सघन रुपमा अनुसन्धान भइरहेको जनाएको छ ।

घटनापछि तीन वर्षदेखि निरन्तर प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोको टोली कञ्चनपुरमै बसेर अनुसन्धानमा खटिएको छ । यसैगरी जिल्ला प्रहरी कार्यालयमा आउने प्रहरी नायब उपरीक्षकलाई अनुसन्धान अधिकृत खटाएर जिल्लास्तर र प्रदेशबाटसमेत घटनाका अनुसन्धानमा प्रहरीका छुट्टा छुट्टै टोली परिचालित छन् ।

घटनामा संलग्न जनाउँदै प्रहरीले घटनाको चौथो साता भीमदत्त नगरपालिका-१९बागफाँटाका दिलीपसिंह विष्टलाई सार्वजनिक गरेको थियो । मानसिक अवस्था ठीक नभएका उनलाई अभियुक्त बनाएको आक्रोशमा आन्दोलन चर्कियो । अभियुक्त विष्टको डिएनए नमिलेपछि सरकारी वकिल कार्यालयले रिहा गरेको थियो ।

आन्दोलन मुलुकभर भइरहँदा महेन्द्रनगरमा प्रहरीको गोली लागेर भीमदत्त-१८ सालघारीका सनी खुनाले ज्यान गुमाएका थिए । सुदूरपश्चिम प्रहरी प्रमुख र जिल्ला प्रहरी कार्यालयको नेतृत्व संहाल्न आउने प्रहरी अधिकारीले निर्मला प्रकरणका दोषीलाई कानूनी दायरामा ल्याउने विषय प्राथमिकतामा राख्दै अनुसन्धान थाल्ने गरेको भए पनि अझै आपराधि पत्ता लाग्न भने सकेको छैन् ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सिद्धराज न्यौपानेले केन्द्र, प्रदेश र जिल्ला प्रहरीको गरी तीन वटा टोली घटनाको अनुसन्धान निरन्तर खटिएको जानकारी दिए । 'दोषीलाई कानूनी दायरामा ल्याउने भनेकै प्रहरीले हो' उनले भने, 'दोषी उम्किन पाउँदैनन् ।'

# उत्कृष्ट किसानलाई सम्मान

**यामराज बिष्ट/ मध्यान्ह**
दैलेख, १० साउन

उत्कृष्ट काम गर्ने १६ जना किसानहरु सम्मानित भएका छन् । कृतिदेवल बहुउदेश्य कृषि सहकारी संस्था र किसान २परियोजनाको साझेदारीमा महाबु गाँउपालिका वडानं १ ,२ र नारायणनगरपालिका वडानः २ का ३२ समुहका उत्कृष्ट तरकारी खेति गर्ने १६ जना कृषकलाई सम्मान गरेको हो ।

व्यावसायिक रुपमा तरकारी खेति गर्ने उकृष्ट कृषक सम्मानित भएका हुन् । १६ जना किसानलाई प्रमाण पत्र र कृषि सामाग्री सहित सम्मान गरिएको थियो ।

परियोजनाको उदेश्य माथि प्रष्ट पार्दै यरिया सयोजक रामभत्त न्यौपानेले कृषकहरूले अब नयाँ प्रबिधि बाट तरकारी खेति गर्नुपर्ने बताए ।

सम्मान कार्यक्रममा नारायण नगरपालिका वडानं२ वडाअध्यक्ष रेशम थापालेआफु शिक्षक बन्ने मलाई समय र परिस्थितिले राजनीतिमा ल्यायो । 'म निकै मिहेनत गर्थे सरकारी जागिर खाएँ, तर न सफलता मिल्यो न खुसी मिल्यो,उत्कृष्ट कृषक पुरस्कार पाएपछि आफुले खुसी पोखे, 'म माटोमा रमाए ।



तरकारी खेतीले सफलता पनि दियो र खुसी पनि दियो ।'आफु जहाँ भए पनि कृषि क्षेत्रलाई अगाडी बढाउने कृषकलाई तपाईले आउदाँ दिनमा पनि मेहेनत गरेमा सफल भइने वडाअध्यक्ष थापाले बताए ।

यस्तै उत्कृष्ट कृषकलाई सम्मान गर्दै नारायण नगरपालिका दैलेखका मेयर रत्न बहादुर खड्काले समूहका आवद्ध किसानहरुले आफ्नो उत्पादन बृद्धि गर्ने विश्वास व्यक्त गरे ।

व्यावसायिकरुपमा तरकारी खेती गरेका पौरखी फरकफरक पृष्ठभूमि र विधाका किसान हुन् । वैदेशिक रोजगारीबाट फर्केर खेतीकिसानी गरेका थुप्रै छन् । तालिममा सिकेका कुरालाई व्यवहारमा उर्तान उनले आग्रह गरे । तालिम सिकेर मात्र होइन यस लाई व्यवासायिक तर्फ लैजानु पर्ने कुरामा खड्का जोड दिए । नगरपालिकाले एक वडा एक उत्पादनको नीति लिएर कृषिलाई पहिलो प्राथमिकता दिएको थियो बताए । आफु सक्ने सहयोग गर्ने नगरप्रमुख खड्काले बताए ।

तरकारीखेति माध्यमबाट रोजगारी सिर्जना गर्ने र कृषिबाट क्षेत्रलाई आत्मनिर्भर बनाउन योगदान गरेको भन्दै उनीहरु सम्मानित भएको कृतिदेवल बहुउदेश्य कृषि सहकारी संस्थाका अध्यक्ष दिपक कुमार थापाले बताए । पुरस्कार वितरणपछि कृषिलाई व्यावसायिक बनाउन सबैखाले सेवा-टेवा प्रदान गर्ने संस्थाका अध्यक्ष थापाले बताए । कार्यक्रममा नारायण नगरपालिका कृषि शाखाका प्रमुख खेमराज शर्मा कृषि विकाश कार्यालयका बालि संरक्षण अधिकृत राम बहादुर थापा लगायतको सहभागिता भएको थियो।साथै परियोजनालाई सहकारी संस्थाले सम्मान कदर पत्र दिएको छ ।

कृतिदेवल बहुउदेश्य कृषि सहकारी संस्था र किसान २ परियोजनाको साझेदारीमा महाबु गाँउपालिका वडानं १ ,२ र नारायण नगरपालिका २ मा विगत १ वर्षयता ३२ वटा समूहमा गरि ८०० घरधुरिमा काम गरेको छ ।

## क्षतिग्रस्त भीमदत्त राजमार्ग



**हिमेश बि.क/मध्यान्ह**
धनगढी, १० साउन

भीमदत्त राजमार्ग अन्तर्गत डडेल्धुराको गैरादेखि भात्काडासम्म सडक डिभिजन कार्यालय डोटीले राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रममार्फत मोड सुधारका लागि गत वर्ष दुईवटा ठेक्का गऱ्यो । एक करोड ५० लाखमा मोड सुधारका लागि ठेक्का सम्झौता गरिएको थियो ।

तर ७ पहाडी जिल्लाको आवागमन नै अवरुद्ध हुने गरी मोड सुधारको काम भइरहेको स्थान अर्थात आलीताल गाउँपालिका वडा नम्वर १ कटाल गैरास्थित सडक खण्डमा पटकपटक पहिरो जान थालेको छ । चालू आर्थिक वर्षभित्रै मोड सुधारअन्तर्गत ठेक्का सम्झौता भएका स्थानमा सडक फराकिलो बनाउने काम सपन्न हुने सडक डिभिजन कार्यालय डोटीका इन्जिनियर योगेन्द्र अधिकारीले मध्यान्हलाई बताए ।

'राजमार्ग स्तरोन्नती तथा पुनःस्थापना कार्यक्रमअन्तर्गत मोड सुधार गर्न गत आर्थिक वर्षमा दुई वटा ठेक्का सम्झौता गरिएको हो,' इन्जिनियर अधिकारीले भने । सडकको मोडलाई फराकिलो बनाएर दुर्घटना न्यूनिकरण गर्न यस्ता कार्यक्रम देशभरीकै राजमार्गहरुमा सञ्चालन भइरहेको उनले बताए । सडक डिभिजन कार्यालय महेन्द्रनगरकञ्चनपुरले महाकाली हाइवेअन्तर्गत अत्तरियादेखि फल्टुडेसम्मको सडक हेर्दै आएको छ । राजमार्गका अधिकांश स्थानमा सडक भत्किनुका साथै ठाउँठाउँमा चिरा परेको सवारी चालकहरुको गुनासो छ ।

महाकाली हाइवेअन्तर्गत मोड सुधारका कुनै कार्यक्रम नभए पनि ठाउँठाउँमा भत्किएको सडकका कारण दुर्घटनाको जोखिम भन्ने उच्च छ । सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी एवं इन्जिनियर लक्ष्मणदत्त जोशीले आफ्नो कार्यक्षेत्रभित्रको सडक मर्मत तथा पुनर्स्थापनाका लागि नियमित रुपमा काम भइरहेको बताए ।

'अत्तरियादेखि फल्टुडेसम्म मोड सुधारका लागि हामीसँग कुनै कार्यक्रम छैन । यो खण्डभित्र सडक अवरुद्ध हुने अहिलेका लागि कुनै सम्भावना छैन, ' उनले भने । अत्तरियादेखि फल्टुडेसम्म सडक डिभिजन कार्यालय महेन्द्रनगरले हेर्दै आएको छ भने फल्टुडेदेखि डडेल्धुरासम्म सडक डिभिजन कार्यालय डोटीले हेर्दै आएको छ ।

गैरादेखि भात्काडा हुँदै साहुँखर्कसम्म मोड सुधारअन्तर्गत सडकका मोडहरु फराकिलो बनाई दुर्घटना न्युनिकरण गर्ने उद्देश्यले ठेक्का सम्झौता गरिएको भएपनि सम्झौताअनुसार निर्माणले अपेक्षित गति लिन सकेको छैन् । तर सडक डिभिजन कार्यालय डोटीले भने सडकको मोड सुधार कार्यक्रम यो अन्तिम भएको बताएको छ । आगामी वर्षदेखि मोड सुधार कार्यक्रम नै सञ्चालन नहुने कार्यालयले जनाएको छ । सडक डिभिजन कार्यालय डोटीका इन्जिनियर अधिकारीले भने, 'भीमदत्त राजमार्ग अन्तर्गत मोड सुधारका यी अन्तिम दुईवटा ठेक्का हुन् । आगामी दिनमा यस्तो कार्यक्रम सञ्चालन हुँदैन ।'

## शिव महापुराण शुभारम्भ



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १० साउन

बाँके जिल्लाको नेपालगन्जमा शिव पार्वती मन्दिरमा शिव महापुराण पाठ प्रथम भाग एक महिनाको लागी शुभारम्भ भएको छ। नेपालगन्ज उपमहानगरपालिका वडा नं. ६ फुल्टेक्रा, निवासी समाजसेवी स्व.बाबुराम कुर्मीका छोरी नातीद्वय समाजसेवी माधवराम वर्मा र निवृत शिक्षक युवराज वर्मा (मन्साराम) को व्यवस्थापनमा कोभिड-१९ को महामारीको समयमा दुःख कष्ट निवारणका शिव पार्वती मन्दिरमा शिवमहापुराण पाठको आयेजाना गरिएको छ ।

नेपालगन्ज उपमहानगरपालिका वडा नं.६ फुल्टेक्रा निवासीसमजसेवीस्व. बाबुरामकुर्मीद्वारा वि.सं. २०१८ सालमा निर्मित भएको शिवपार्वती मन्दिरमा नेपालगन्ज उप-महानगरपालिका वडा नं. ६ फुल्टेक्रा निवासी ७४ वर्षीय पण्डित शिव प्रसाद पाठकमा बिहान ९ बजे देखि ११ बजे सम्म शिवमहापुराण पाठ वाचन गरी रहेका छन् भने भने पाठ वाचन अवधी भर जजमानको रुपमा लक्ष्मण भारतीर पाठवाचन सहयोगीको रुपमा कमल प्रसाद पाठक रहेका छन् ।

आइतबारदेखि भदौ महिनाको ७ गतेसम्म सञ्चालित शिवमहा पुराण पाठ प्रत्येक दिन बिहान ९ बजे देखि ११ बजे सम्म हुने भएकोले समाजसेवी माधवराम वर्मा र निवृत शिक्षक युवराजवर्मा (मन्साराम) ले सम्पूर्ण श्रद्धालु भक्तजनहरुमा पाठ श्रवण गर्नकालागी अनुरोध समेत गरेका छन् ।

शिवमहापुराण पाठ श्रवण गर्न आउने भक्तजनहरुले सेनीटाइजर र मास्कको प्रयोग गर्नुका साथै सामाजिक दूरी कायम बस्ने गरेका छन् ।

नेपालगन्ज उप-महानगरपालिका वडा नं.-६ फुल्टेक्रा निवासी पुजारीका रुपमा करिब २४ वर्ष देखि हरि बहादुर क्षेत्रीले शिव पार्वती मन्दिरमा दैनिकी पूजापाठ गर्दै आए रहेका समाजसेवी माधवराम वर्माले बताए ।

## सम्पादकीय

# खेलकुदमा सधैं राजनीति

कुवेती नागरिक अब्दुल्लाह अल्मुताइरी कतार फुटबल फेडरेशनको सहयोगमा नेपाली राष्ट्रिय टिम सम्हाल्न आएपछि नेपाली टिममा केही परिवर्तन आएको छ । उनी आएपछि नेपाली टिमले विश्वकप छनोट र इराकसँगको मैत्रीपूर्ण फुटबल खेलेको छ । जसमा विश्वकप छनोट अन्तर्गत चाइनिज ताइपेईलाई जित हात पार्दा अस्ट्रेलिया र जोर्डनसँग पराजय भोगेको थियो भने ईराकसँग पनि पराजय नै चाखेको थियो । तर, प्रशिक्षकमा अब्दुल्लाह आइसकेपछि नेपाली फुटबल टिमको स्तर देखिनेगरी परिवर्तन आयो । विगतमा रक्षात्मक खेल्ने नेपाली टिम अहिले आक्रामक खेल्दै आफ्नो स्तर सुधार भएको संकेत गरेको छ । इराकविरूद्ध गोल गर्नु र चाईनिज ताइपेईलाई पराजित गर्नुले पनि नेपाली टिममा सुधारको संकेत हो ।

अहिले नेपाली टिम साफ च्याम्प्यिनसिपको तयारीमा छ । प्रशिक्षक अब्दुल्लाह नेपाल आएलगत्तै भनेका थिए 'मेरो लक्ष्य साफ च्याम्पियनसिप जित्नु हो ।' नेपाली टिम एसियन च्याम्पियनसिपको अर्को चरणमा प्रवेश गरेको छ भने साफको तयारी भइरहेको छ । सम्भवतः साफ नेपालमै आयोजना हुने सम्भावना अत्याधिक छ । त्यस विषयमा अर्को साता निर्णय हुन नै छ । प्रशिक्षक अहिले नेपाली टिमलाई प्रशिक्षणमा व्यस्त बनाइ राखेका बेला आइतबार उनले फेसबुकमार्फत् राजीनामा दिन अखिल नेपाल फुटबल संघ (एन्फा) जान लागेको र राजीनामाको कारण एन्फाका वरिष्ठ उपाध्यक्ष पंकजविक्रम नेम्वाङ रहेको किटानीका साथ उल्लेख गरेका थिए । जसका कारण नेपाली फुटबल यतिबेला फेरि एक पटक तरंगित भएको छ ।

एन्फामा वरिष्ठ उपाध्यक्षको हैसियतमा रहेका पंकज वर्तमान अध्यक्ष कर्माछिरिङ शेर्पासँग पटक्कै मिल्दैनन् । हुनत यी दुवै जना एउटै प्यानलबाट निर्वाचन जितेका व्यक्ति हुन् । नेपाली कांग्रेसको राजनीतिमा पनि सँगै रहने दुवै जनाको विवादका कारण यतिबेला नेपाली फुटबल फेरि धरापको अवस्थामा पर्न लागेको छ । त्यसैले अहिलेको अवस्थामा पंकजमाथि अब्दुल्लाहले जुन किसिमले आरोप लगाएका छन् त्यसको छानविन गरिनुपर्छ । साथै एन्फा भित्रको राजनीतिलाई थाती राखेर समग्रमा नेपाली फुटबलको विकासमा ध्यान दिन जरूरी छ । बल्लतल्ल नेपाली टिमले उत्कृष्ट प्रशिक्षक पाएको समर्थकहरूले बताइरहेका बेला उनलाई राम्रोसँग काम गर्न दिनुपर्छ भन्नेमा दुईमत छैन । त्यसैले अहिलेको अवस्थामा कसले कसलाई सम्मान गरेन, कसले नमस्कार गरेन भन्दा पनि समग्र नेपाली फुटबलको विकासका लागि ध्यान दिनुपर्छ ।

## सामाजिक सञ्जाल



प्रदेशमा हेऱ्यो दलितको अधिकार काटेर ठेकेदारलाई मन्त्री बनाइएको छ, संघमा हेऱ्यो लोकप्रिय प्रतिभावानको ठाउँमा माफिया उस्तादलाई मन्त्री पद सुम्पिएको छ । वास्तवमा शेरबहादुर देउवा, ओली, प्रचण्ड पुस्ता देशको निम्ति घाँडो भए ।

**निर्मल प्रसाईं**



केपी ओलीभन्दा शेरबहादुर देउवा हरेक हिसाबले दाई हुन् । ०४८ सालमा देउवा गृहमन्त्री भए ओली ०५१ मात्रै । देउवा ०५२ मा प्रधानमन्त्री भए ओली ०७२ मात्रै । त्यसकारण मोती दुगडहरूको विकल्पमा उमेश श्रेष्ठहरू आउनुलाई आश्चर्य नमानौ ।

**टपेन्द्र कार्की**



भैँडा सभासद् किन्ने हैसियत राख्नेहरू मन्त्री हुन्छन् रोइलो केका लागि ? शिक्षा स्वास्थ्यका व्यापारीहरू कम्युनिस्ट हुन्छन् रोइलो केका लागि ? हत्या हिंसा र विध्वंस मच्चाउने क्रान्तिकारी हुन्छन् रोइलो केका लागि ? सक्नेले चेक गणतन्त्रको भजाइ रहेछ, विरोधको डम्फू बजाएर रोइलो केका लागि ?

**शम्भू चौहान**



कसैलाई मन्त्री पद दिंदा उसले उक्त पदलाई सार्वजनिक हितविरूद्ध आफ्नो निजी व्यवसायिक हित प्रबर्द्धन गर्ने कार्यमा प्रयोग गर्न सक्छ भने उसलाई त्यस्तो पदमा नियुक्ति गरिनु हुँदैन भन्ने सामान्य ज्ञानको अभाव देखियो देउवाज्यू । यसलाई साधुराम सुकुम्बासी प्रवृत्ति भनिन्छ ।

**बुद्धी कार्की**



उमेशजी शिक्षा क्षेत्रमा काम गर्नुभएको मान्छे, स्वास्थ्यमा होइन । यो जटिल समयमा स्वास्थ्य बुझ्केका अरू कोहि थिएनन् र ? मैंले बुझ्न सकिन । सम्मानीय प्रधानमन्त्रीलाई कसैले सम्झाइदिने कि ? – प्रधानमन्त्री देउवाले नियुक्त गरे उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्रीमा ।

**समिरमणी दिक्षित**


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# बेथितिको रास त्रिभुवन विश्वविद्यालय

विश्वविद्यालय ज्ञान र ज्ञान निर्माणको केन्द्र हो तर, त्रिभुवन विश्वविद्यालयले न्यूनतम जति यो देशलाई आवश्यक ज्ञान निर्माण र उत्खनन गर्नुपर्ने हो त्यति गर्न सकेको छैन । मुख्यरुपले प्रमाणपत्र र सम्बन्धन बाँड्ने बाहेक अरु उल्लेखनीय काम गरेको छैन । बरु आफैं विकृति, बेथिति र समस्याको केन्द्र बनेर थलिन थालेको छ ।





● निष्णु थिङ

